# पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

मिति २०७६/०८/२४ को माननिय मन्त्रिस्तरीय निर्णयबाट प्रथम पटक संसोधित

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

# पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

**प्रस्तावनाः**

देशमा बढ्दो जनसङ्ख्या एवम् शहरीकरणले गर्दा मासु, अण्डा, दूध तथा दुग्धजन्य पदार्थको माग बढीरहेको छ। यस कारण दुधालु गाई, भैंसी, बाखा, बङ्गुर, कुखुरा, माछापालन गर्न चाहने व्यवसायीहरूको सङ्ख्यामा समेत वृद्धि भइरहेको छ। सरकारको नीति अनुसार पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वढाउन पकेट क्षेत्र कार्यक्रम सञ्चालन गर्दा सहकारी तथा कृषक समूहसंग सम्झौता गरि सामुहिक योजनामा व्यक्तिगत जिम्मेवारीवाट एक गाउँ एक उत्पादन कार्यक्रमलाई जोड दिंदै व्यवसायिकरण वढाउन उत्साहित गरिने छ। अतः उन्नत नश्लका गाई, भैंसी, बाखा, बङ्गुर, कुखुरा, माछा पालनको भरपर्दो स्रोतको विकास गरी मासु अण्डा दूध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरूप कृषक समूह/समिति/सहकारी, निजी उद्यमी, कम्पनी, स्थानीय तहहरूसँगको सहकार्यमा उन्नत गाई, भैंसी, बाखा, बङ्गुर, कुखुरा, माछा पकेट क्षेत्र विकास कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटमा व्यवस्था भए अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम "पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" रहेको छ।

१.२ यो निर्देशिका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशबाट स्वीकृत भएको मितिदेखि प्रदेशभर लागू हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

ख) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ।

ग) "कार्यक्रम" भन्नाले गाई/भैंसी/बाखा/भेडा/बङ्गुर/कुखुरा/माछा पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम" सम्झनु पर्दछ।

घ) "पकेट क्षेत्र" भन्नाले गाई/भैंसी/बाखा/ भेडा/बङ्गुर/कुखुरा/माछा उत्पादन पकेट क्षेत्रलाई सम्झनु पर्दछ।

ङ) "पकेट क्षेत्र छनौट समिति" भन्नाले पकेट क्षेत्र विकासको लागि स्थान छनौट गर्न निर्देशनालय वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु सेवा शाखाको प्रतिनिधित्व हुने गरी गठन गरिने समिति सम्झनु पर्दछ।

च) "समूह/समिति/सहकारी" भन्नाले पकेट क्षेत्र विकासको लागि आबद्ध कृषक समूह/समिति/सहकारी सम्झनु पर्दछ।

छ) "अनुदान" भन्नाले यस कार्यक्रम सञ्चालनको लागि स्थापना गरिएको पशुपन्छी पकेट क्षेत्र विकासका लागि प्रदेश सरकारबाट प्राप्त अनुदान रकम सम्झनु पर्दछ।

ज) "साझेदार" भन्नाले निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, स्थानीय तहहरू भन्ने सम्झनु पर्दछ।

झ) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ।

सचिव

ञ) "ज्ञान केन्द्र" भन्नाले मन्त्रालय मातहतका ज्ञान केन्द्र सम्झनु पर्दछ।

ट) "पशु सेवा शाखा" भन्नाले सम्बन्धित स्थानीय तहमा रहेको पशु सेवा शाखालाई सम्झनु पर्दछ।

३) उद्देश्यहरुः पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रमको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

३.१ भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो उन्नत नश्लको गाई/भैंसी/बाखा/बङ्गुर/कुखुरा/माछापालनबाट उत्पादनशील र प्रजननयोग्य पशुहरूको संख्या एवम् तिनको उपलब्धता बढाउँदै स्रोत केन्द्रको विकास गर्ने।

३.२ उन्नत पशुपन्छीहरूको सङ्ख्यामा वृद्धि गरी गुणस्तरीय मासु, माछा, अण्डा, उन, दूध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपूर्ति गर्न उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुर्‍याउने ।

४) मापदण्डहरुः

४.१ कृषक, कृषक समूह, समिति र सहकारी, संघ/संस्था तथा निजी उद्यमी, कम्पनी, स्थानीय तह, संघ /संस्थाहरू मार्फत साझेदारीमा व्यवसायिक उन्नत गाई/भैंसी/बाखा/बङ्गुर/कुखुरा/माछा पालन गरी पकेट स्थापना गरी सम्भाव्यताको आधारमा बृहत् तथा व्यवसायिक रूपमा पकेट क्षेत्र बिस्तार गर्न आसपासका साझेदार संस्थाहरूलाई पनि यस कार्यक्रमले समेट्दै लैजाने छ।

४.२ बृहत् तथा व्यवसायिक रूपमा पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरि स्रोत विकास र बिस्तार गर्न आसपासका अन्य कृषक समूह/समिति/सहकारी तथा तथा निजी उद्यमी, कम्पनी, स्थानीय तहलाई पनि यस कार्यक्रमले समेट्दै लैजाने छ।

४.३ गाई/भैंसी र डेरी पकेट क्षेत्रमा समुदायका गाई/भैंसीपालक कृषकहरूले एकमुष्ठ करिव ५०० लि. दैनिक दूध निर्यात गर्नुपर्ने, बाच्छा/पाडा/पाडी हुर्काइ स्रोत केन्द्रको रूपमा विकास गर्दै लग्नुपर्ने र कृषकको कुल आय ५० प्रतिशत पशुपन्छीपालन क्षेत्रबाट आएको हुनुपर्नेछ।

४.४ भेडाबाखा पकेट क्षेत्रमा भेडाबाखा संख्या प्रति पकेट कम्तीमा ५०० हुनुपर्नेछ।

४.५ बङ्गुर पकेट क्षेत्रमा प्रति पकेट कम्तीमा १०० माउ हुनुका साथै बङ्गुरका पाठापाठीको स्रोत केन्द्रको रूपमा विकसित भएको हुनु पर्नेछ।

४.६ कुखुरा/हाँस पकेटमा कम्तीमा लोकल कुखुरा ५०० वा हाँस ३०० हुनुपर्नेछ।

४.७ माछा पकेट पहाडमा वार्षिक १० टन वा ३० रोपनी र तराइमा ३० टन वा ६ विघा क्षेत्रफलमा माछा उत्पादन तथा निर्यात गर्नुपर्नेछ ।

४.८ प्रत्येक पकेटमा प्राविधिक सेवा र समन्वय स्थानीय तहमार्फत गर्ने गराउनु पर्नेछ ।

४.९ पकेट क्षेत्र कार्यक्रम सञ्चालन गर्दा प्रति पकेट कम्तीमा माथि उल्लेखित मापदण्ड बमोजिम पशुपन्छी सङ्ख्या भएको हुनु पर्नेछ । यसको लागि नजिकका २ देखि ३ वटा वडाहरू समेत समेट्न सकिनेछ ।

४.१० पहिलो ३ वर्षको लागि पकेट क्षेत्र स्थापनार्थ भौतिक संरचना निर्माण, सुधार तथा मेसिनरी औजार उपकरण खरिद जस्ता कार्यमा अनुदान दिन पकेट क्षेत्र विकासका लागि अनुदान रकमको व्यवस्था गरिनेछ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा स्थानीय तहका पशु सेवा शाखा लगायतका अन्य विभिन्न सरोकारवालाहरूको संलग्नतामा असल व्यवस्थापन विधि अवलम्बन गराइ पकेट क्षेत्र स्थापना भएको बढीमा ३ वर्ष सम्ममा पकेट क्षेत्रलाई आत्मनिर्भर बनाउन सहयोग गरिनेछ।

४.११ पकेट क्षेत्र स्थापनार्थ भौतिक संरचना निर्माण, सुधार तथा मेसिनरी औजार उपकरण खरिद जस्ता कार्यमा अनुदान दिन यस मन्त्रालयको " पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम " बजेटको व्यवस्था गरिनेछ।

४.१२ पकेट क्षेत्र सञ्चालनको लागि आवश्यक ऋण तथा पशु बिमा सेवाको लागि सरोकारवाला निकायहरूसँग समन्वय गराइ सहजीकरण गरिनेछ।

सचिव

४.१३ यस अन्तर्गत पकेट क्षेत्र भएका पशुपन्छीहरूको अनुसूची– ८ अनुसार विवरण ( Herd Book ) तयार गरि अद्यावधिक गरिनेछ।

४.१४ कार्यक्रम कार्यान्वयनको सुनिश्चितताको लागि मन्त्रालय, निर्देशनालय स्तरमा सरोकारवालाको संलग्नतामा संयुक्त अनुगमन कार्यलाई पनि प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

४.१५ एक जिल्लामा कम्तीमा एक पकेट क्षेत्र स्थापना गर्दै एक पालिका एक पकेट क्षेत्रको नीति लिईनेछ।

४.१६ पशु नश्ल (वंश) सुधार कार्यक्रम सञ्चालन भई रहेको र व्यवसायिक रूपमा गाई/भैंसीका फार्म सञ्चालन भैरहेका तथा बिस्तारको लागि प्रचुर सम्भावना भएका क्षेत्रहरूलाई प्राथमिकता दिईने छ।

४.१७ पकेट क्षेत्रहरू रहने स्थानमा सडक, सञ्चार, सिँचाइ, पिउने पानी र बिजुली जस्ता भौतिक पूर्वाधारहरूको सुविधा भएको हुनुपर्नेछ।

४.१८ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले श्रोत पकेट क्षेत्र पशुहरुमा असल व्यवस्थापन विधी अनुरुप पशु स्वास्थ्य सेवा जस्तैः टिट डिपिङ्ग, परजीवी नियन्त्रण, खोप पशु स्वास्थ्य शिविर आदि प्रदान गर्नुपर्नेछ।र सो को सम्पुर्ण विवरण दुरुस्त राखु पर्नेछ।

४.१९ पकेट क्षेत्रमा मौसम र आवश्यकता अनुसार हिउँदे, बर्षे, वहुवर्षेघाँस तथा डाँले घाँस लगाएको हुनु पर्नेछ।

४.२० संचालन गर्न सकिने मुख्य मुख्य क्रियाकलापहरुः ड्रेन्चिङ्ग, भ्याक्सिनेशन, पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर तालिम, भ्रमण, उपकरण वितरण, आहार विकास तथा पकेट क्षेत्र प्रवर्द्धनका लागि पशु सेवा सम्वन्धी मागमा आधारीत कार्यक्रम।

## परिच्छेद २

## कार्यक्रम सञ्चालनका लागि साझेदार छनौट सम्बन्धी

**५. कार्यक्रम सञ्चालनका लागि साझेदार छनौटः**

५.१ निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालनको लागि **अनुसूची १** बमोजिम प्रस्ताव आह्वान गर्ने छ। यस्तो सूचना राष्ट्रिय दैनिक पत्रिका, स्थानीय तहको सूचना पाटी, कार्यालयको सूचना पाटीमा र वेवसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ ।

५.२ कार्यक्रममा सहभागी हुन इच्छुक संस्थाहरूले **अनुसूची– ३** अनुसारको संक्षिप्त कार्ययोजना बनाइ निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मा **अनुसूची– २** अनुसारको निवेदन दर्ता गर्नु पर्नेछ ।

५.३ पकेट क्षेत्र छनौट समितिले प्राप्त प्रस्ताव तथा कार्यक्रम सञ्चालनको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा **अनुसूची– ४** बमोजिम मूल्याङ्कन गरी साझेदार वा कृषकको छनौट गर्नेछ ।

५.४ निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र छनौट भएका साझेदार संस्था बीच **अनुसूची– ५** अनुसार सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**६. छनौट प्रक्रियाः**

६.१ दफा ४ बमोजिम प्राप्त प्रस्तावहरू उपर भौगोलिक तथा प्राविधिक सम्भाव्यता र पशुपन्छीको उत्पादकत्वको आधारमा आँकलन गरिनेछ।

६.२ आवश्यक सङ्ख्यामा पकेटका लागि निर्देशनालयमा र जिल्ला स्तरमा सम्बन्धित विज्ञ केन्द्रमा आवश्यकता अनुसार विषय विज्ञ सदस्य रहने एक प्राविधिक समिति बनाइनेछ।

सचिव

६.३ उक्त समितिले तोकेका सुचनाहरू र स्थलगत प्रमाणीकरण समेतका आधारमा सिफारिस गरे अनुरूप पकेट क्षेत्रको छनौट निर्देशनालय वा विज्ञ केन्द्रले गर्नेछ।

६.४ दफा ९.१ बमोजिमको पकेट सञ्चालन समिति र निर्देशनालय वा विज्ञ केन्द्र मातहतका निकायबीच कार्यक्रम सञ्चालनका लागि अनुसूची-५ बमोजिम एक सम्झौता हुनेछ । पकेट सञ्चालन समितिले सम्बन्धित पकेट क्षेत्रको कृषक समूह/सहकारी/उद्यमी/पशुपन्छी फर्महरूको मागमा आधारित कार्यक्रमको प्रस्तावना तयार तरी सोही बमोजिम सम्झैता गरिनेछ।

## ७. पकेट क्षेत्र छनौट समितिः

७.१ कार्यक्रम सञ्चालन, अनुगमन, समन्वय, सुझाव तथा सहयोग र नियन्त्रण गर्न तथा अनुदान रकम परिचालन गर्न देहाय अनुसारको पकेट क्षेत्र छनौट समिति रहनेछ।

विज्ञ केन्द्रवाट सूचना आव्हान भएमा

| क्र.सं | विवरण | सङ्ख्या | पद |
|---|---|---|---|
| १. | कार्यालय प्रमुख, विज्ञ केन्द्र | १ जना | संयोजक |
| २. | अधिकृत प्रतिनिधि, ज्ञान केन्द्र | १ जना | सदस्य |
| ३. | अधिकृत विज्ञ केन्द्र, वा विज्ञ केन्द्र प्रमुखले तोकेको प्राविधिक कर्मचारी | १ जना | सदस्य सचिव |

निर्देशनालयवाट सूचना आव्हान भएमा

| क्र.सं | विवरण | सङ्ख्या | पद |
|---|---|---|---|
| १. | प्रमुख, पशुपन्छी उत्पादन तथा वजार प्रवर्द्धन शाखा, निर्देशनालय | १ जना | संयोजक |
| २. | अधिकृत प्रतिनिधि, मन्त्रालय (पशुपन्छी विकास महाशाखा) | १ जना | सदस्य |
| ३. | अधिकृत, पशुपन्छी उत्पादन तथा वजार प्रवर्द्धन शाखा, निर्देशनालय | १ जना | सदस्य सचिव |

७.२ आवश्यकता अनुसार समितिका संयोजकले बढीमा २ जना विज्ञलाई आमन्त्रित सदस्यको रूपमा निमन्त्रण गर्न सक्नेछ।

७.३ उपदफा १ बमोजिम गठित छनौट समितिको काम, कर्तव्य तथा अधिकारः

(क) पशुपन्छी पालन पकेट क्षेत्र सञ्चालन गर्न अनुसूची– ५ बमोजिम सम्झौता गर्ने।

(ख) सम्झौता अनुसार पकेट क्षेत्र स्थापना गरी सेवा सञ्चालन गर्ने गराउने।

(ग) स्थानीय निकायहरूसँग समन्वय गरी पकेट क्षेत्र विकासका लागि आर्थिक सहयोग जुटाउन पहल गर्ने।

(घ) पकेट क्षेत्रमा रहेका गाई/भैंसी/बाख्रा/बङ्गुर/कुखुरा/माछाको बिमाको लागि पहल गर्ने गराउने।

(ङ) निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र /पशु सेवा शाखा/सम्बन्धित निकायले दिएका सुझावहरू कार्यान्वयन गर्ने गराउने।

(च) आवश्यकता अनुसार सेवा प्रदान गरिएका सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने।

(छ) वित्तीय तथा कार्य प्रगति नियमित रूपमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउने

सचिव

(ज) साझेदार संस्थाबाट संचालित यस कार्यक्रम बारे हरेक वर्ष सार्वजनिक सुनुवाई गर्ने तथा गर्न लगाउने।

## परिच्छेद ३
## सेवा सञ्चालन सम्बन्धी

८. **सेवा सञ्चालन प्रक्रियाः** सेवा सञ्चालन प्रक्रिया यस कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ।

८.१ बृहत तथा व्यवसायिक रुपमा पकेट क्षेत्र कार्यक्रम संचालन, विकास र विस्तार गर्न आसपासका अन्य कृषक समूह/समिति/सहकारी/निजी उद्यमी/कम्पनीहरुलाई पनि यस कार्यक्रमले समेट्दै लैजान सकिनेछ।

८.२ साझेदारले हरेक वर्ष आफ्नो पकेट क्षेत्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मा प्रस्ताव स्विकृतीको लागि पेस गर्नुपर्ने छ।

८.३ निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले साझेदारबाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट पकेट क्षेत्र छनौट समितिको बैठकबाट अन्तिम रुप दिई विनियोजित अनुदान रकमको आधारमा कार्यक्रम स्वीकृत गर्नेछ।

८.४ स्वीकृत कार्यक्रम संचालनको लागि प्राप्त अनुदान रकमको कम्तिमा २५ प्रतिशत साझेदारले कोषमा दाखिला गरे पश्चात निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले बढीमा ७५ प्रतिशत बराबरको रकम अनुदान स्वरुप कोषमा जम्मा गरिदिने छ।

८.५ साझेदारले पकेट क्षेत्रको वित्तीय तथा भौतिक प्रगति चौमासिक रुपमा पशु सेवा शाखा मार्फत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ।

८.६ पकेट क्षेत्रका कृषकहरुलाई क्षमता अभिवृद्धीको लागि तालिम कार्यक्रम संचालन गरिने छ।

८.७ निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्रोत पकेट क्षेत्र पशुहरुमा असल व्यवस्थापन विधि अनुरुप पशु स्वास्थ्य सेवा जस्तैः टिट डिपिङ्ग, परजीवी नियन्त्रण, खोप आदि प्रदान गर्नुपर्नेछ।

८.८ पकेट क्षेत्रमा मौसम र आवश्यकता अनुसार हिउँदे, बर्षे, वहुवर्षे घाँस तथा डाँले घाँस लगाएको हुनुपर्नेछ।

९. **कार्यक्रम सञ्चालक समितिः**

९.१ पकेट क्षेत्र सञ्चालनका सम्बन्धमा मन्त्रालय वा मन्त्रालय मातहत निकायसँग भएको सम्झौता बमोजिमका कार्यहरू सञ्चालन गर्ने सम्बन्धमा दफा ६ र ७ बमोजिम छनौट भएको पकेट क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित पशुपालक कृषक समूह/सहकारी/ उद्यमी/ उपभोक्ता समितिका सदस्यहरूको प्रतिनिधित्व रहने गरी कम्तीमा ३३ प्रतिशत महिला सहीतको ९ सदस्यीय पकेट स्तरीय सञ्चालन समिति गठन गरिनेछ।

९.२ यसको लागि पकेट क्षेत्र छनौट भएपछि पकेट क्षेत्रभित्र रहेका पशुपालक कृषक समूह/सहकारी/ उद्यमी/ उपभोक्ता समितिलाई पकेट सञ्चालन समूह गठनको लागि ७ दिन म्याद सहीत पत्राचार मार्फत वा अन्य स्थानीय सञ्चार माध्यममार्फत आह्वान गरिनेछ । एकभन्दा बढी आवेदकलाई संयुक्त रूपमा समिति गठनको लागि अनुरोध गर्न सकिनेछ।

सचिव

९.३ तोकिएको अवधिमा समिति गठन भई नआएमा निर्देशनालय वा निर्देशनालय मातहतका निकायले सहजीकरण गरी १५ दिनभित्र समिति निर्माण गर्न सक्नेछ । समूहको सदस्यहरू सम्बन्धित पशुको व्यवसायिक रूपमा पालनमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ।

९.४ उक्त समूहमा संयोजक, उपसंयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन्।पकेट क्षेत्र सञ्चालन समितिको प्रमुख कार्यकारी पदमा कम्तीमा २ जना महिला हुनुपर्नेछ । तर कानुन बमोजिम दर्ता भएका पशु उद्यमी, कम्पनी वा फर्मको हकमा सोही पशु उद्यमी, कम्पनी वा फर्मका सञ्चालक नै पकेट सञ्चालक समितिको भूमिका निर्वाह गर्नेछन्।

**१०. अनुदान सञ्चालनः**

१०.१ अनुदान बाट जम्मा हुन आएको रकम परिचालनको लागि दफा ९.१ बमोजिम गठित समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरी नजिकको बैंङ्कमा खाता खोल्नु पर्नेछ।

१०.२ समूह, सहकारी संस्थाको सन्दर्भमा सामुहिक निर्णय व्यक्तिगत जिम्मेवारी/जवाफदेहिताका आधारमा कार्यक्रम संचालन गर्नुपर्नेछ।

१०.३ अनुदान रकम सम्बन्धित साझेदार निकायले निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट स्विकृती भएको कार्यक्रम (जस्तैः ड्रेन्चिङ्ग, भ्याक्सिनेशन, पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर तालिम, भ्रमण, उपकरण वितरण, आहार विकास तथा पकेट क्षेत्र प्रवर्द्धनका) को लागि खर्च गरिनेछ।

१०.४ अनुदान परिचालनको विवरण तथा प्रगति **अनुसूची ७** अनुसार सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा चौमासिक रुपमा महिना बितेको ७ दिन भित्र पेस गर्नु पर्नेछ।

१०.५ यस निर्देशिकामा उल्लेख भएको अनुदान सम्बन्धि व्यवस्था प्रदेश सरकारवाट तोकिएको आ.व. मा भएको बजेटको उपलब्धता अनुसार हुनेछ। सबै कार्यक्रमहरु बिनियोजित बजेट र स्वीकृत कार्यक्रमको परीधिभित्र रही संचालन गर्नुपर्ने छ।

१०.६ दुई वा सो भन्दा बढी आ.व. मा संचालन हुने कार्यक्रमहरुको हकमा अर्को वर्षका लागि आर्थिक दायित्व नसार्न विनियोजित बजेटको परिधी भित्र रहि कार्यक्रमहरु संचालन गरीने छ।

**११. अनुदान रकमको लेखा परिक्षणः**

निर्देशनालय/विज्ञ केन्द्रहरूबाट सञ्चालन भएको अनुदान रकमको लेखापरीक्षण प्रचलित कानुन बमोजिम कार्यक्रम सञ्चालन गर्ने साझेदारीले गराउनु पर्नेछ र सो को प्रतिवेदन निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नुपर्नेछ।

**१२. अनुगमन तथा पृष्ठपोषणः**

कार्यक्रमको सञ्चालन एवम् प्रभावकारिताको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रादेशिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायत विभिन्न सरोकारवाला निकायहरूले सेवा सञ्चालनको अनुगमन गरी अनुसूची– ६ बमोजिमको पृष्ठपोषण भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा दिनेछ।

## परिच्छेद ४

## विविध

**१३. कारवाहीको व्यवस्था:**

यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने सहकारी, संस्था, कम्पनी आदिले कार्ययोजना र सम्झौता बमोजिम कार्यक्रम सञ्चालन नगरी दुरूपयोग गरेको पाइएमा प्रदेश सरकारको प्रचलित ऐन, नियम र कानुन बमोजिम कारवाही गरिनेछ ।

**१४. प्रचलित कानुन लागू हुने:**

कार्यक्रम कार्यान्वयनका सम्बन्धमा यस निर्देशिकामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. संशोधन**

१५.१ यो निर्देशिकाको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

१५.२ यस निर्देशिकाको कार्यान्वयमा कुनै बाधा, अड्काउ र अस्पष्टता आएमा अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

## अनसूची १

दफा ५ उपदफा १ सँग सम्बन्धित

## सूचना

यस कार्यालयको आ.व. २०...../......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार माछा, मासु, अण्डा तथा दूध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपूर्ति गर्न पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न साझेदारीको अवधारणा अनुरूप कृषक, व्यवसायी, समूह/समिति/सहकारी, स्थानीय तह, गैर सरकारी सङ्घ संस्थाहरूसँगको सहकार्यमा पकेट क्षेत्र सञ्चालन गर्नको लागि प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला । विस्तृत जानकारीका लागि निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

१. आवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

क) अनुसूची– २ अनुसारको आवेदन फारम

ख) अनुसूची– ३ अनुसारको संक्षिप्त कार्ययोजना

ग) नेपाली नागरिकताको प्रतिलिपि

घ) संस्थासँग आबद्ध सदस्यहरूले प्राप्त गरेको अन्य प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, आदि) का प्रतिलिपिहरू

ङ) निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय तह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि

च) कार्यक्रमको लागि छनौट भएमा निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय तह/गैरसरकारी सङ्घ/संस्थाका सदस्यहरूबाट कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपि

# अनुसूची २

दफा ५ उपदफा २ सँग सम्बन्धित

## पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालनको लागि दिईने आवेदन– पत्रको फारम

श्रीमान प्रमुख ज्यू,

......................................कार्यालय,

विषयः पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालनको लागि छनौट हुन पाउँ भन्ने बारे ।

महोदय,

त्यस कार्यालयको मिति ............................ को ................................पत्रिकामा प्रकाशित सूचना अनुसार ..............................................................कृषक/ व्यवसायी/ निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय तह गैरसरकारी सङ्घ/संस्था तर्फबाट पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सञ्चालन गर्नेछौं र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरीत गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागीदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौं।

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

क) अनूसूची– ३ अनुसारको संक्षिप्त कार्ययोजना

ख) नेपाली नागरिकताको प्रतिलिपि

ग) निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय तह सङ्घ/संस्था सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि

घ) संस्थासँग आबद्ध सदस्यहरूले प्राप्त गरेको अन्य प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, आदि) का प्रतिलिपिहरू

ङ) निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय तहका सदस्यहरूबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय/प्रतिबद्धताको निर्णयको प्रतिलिपि

च) स्थनीय तहको सिफारीस पत्र

**निवेदन दिने संस्थाको तर्फबाट :**

संस्थाको प्रमुखको नामः

दस्तखतः

पदः

संस्थाको ठेगानाः

मितिः

संस्थाको छापः

सम्पर्क मो नं.

सचिव

## अनुसूची ३

दफा ५ उपदफा २ सँग सम्बन्धित

## पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालनको लागि संक्षिप्त कार्ययोजना

संस्थाको नामः

संस्थाको सम्पर्क टेलिफोन नम्बर

संस्थाको ठेगानाः जिल्लाः गा.वि.स. वडा नं. गाउं/टोलको नामः

स्रोत केन्द्र र कार्यालय राख्ने स्थानः–

सम्बन्धित पकेट क्षेत्रमा भएको गाई/भैंसी/बाख्रा/बङ्गुर/कुखुरा/माछाको तथ्याङ्कः

| सि.नं. | कृषकको नाम थर | ठेगाना | पशुपन्छीको किसिम | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थानीय | उन्नत | जम्मा सङ्ख्या | |
| | | | | | | |
| | | | | | | |

नोटः जुन जातको पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि प्रस्तावना गर्ने हो सोही जातको पशुपन्छीको तथ्याङ्क मात्र आवश्यक पर्ने ।

दर्ता को प्रमाण– पत्र नं. र संस्था दर्ता गर्ने कार्यालयको नाम ठेगाना :

हालसम्म गरेका उल्लेखनीय कामहरू :

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................

पशुपन्छी पकेट क्षेत्र विकास कोषको खाता सञ्चालन गरिने बैङ्कको नाम र खातावालाहरूको नामः–

कार्य योजनाको प्रस्तावना ( पकेट क्षेत्रसंग सम्वन्धित मात्र )

- हालको उत्पादन
- पशुपन्छी/माछाको सङ्ख्या
- अपेक्षित उत्पादन तथा कुल आम्दानी (५ वर्षको )
- उत्पादन वृद्धिदर
- थप सिर्जना हुने रोजगारी
- संलग्न परिवार सङ्ख्या

सचिव

पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रमको उद्देश्यहरु:

क)...........

ख).............

- पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पूर्वाधारहरू सडक, बिजुली, सिंचाइ, बजार, बैङ्क, बिमा, प्राविधिक सेवा, आवश्यक स्रोत, साधन तथा कच्चा पदार्थको उपलब्धता, जनशक्ति खुलाउने
- स्थानीय तह वा अन्य सङ्घ, संस्था आदि सहयोग गर्ने भए जनाउने
- साझेदारी गर्न सकिने बैङ्कको अवधारणापत्र संलग्न गर्ने

परियोजना अवधिको अपेक्षित कुल आम्दानी (५ वर्षको)
क. ....... गोटा गाई/भैंसी/बाखा/बङ्गुर/कुखुरा/माछा विक्रीबाट रु............./
ख अन्य विक्रीबाट रु. ................../-

| क्र.स. | आय व्यय खर्च विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कुल आय रु | | | | | | |
| २ | कुल खर्च रु | | | | | | |
| ३ | खुद नाफा रु | | | | | | |

कार्यक्रमका उपलब्धिहरू:

१.

२.

३.

निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय तहको तर्फबाट सही गर्नेको

नामः	संस्थाको छापः
पदः
दस्तखतः	मितिः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ४

दफा ५ उपदफा ३ सँग सम्बन्धित

### कार्यक्रम सञ्चालनका लागि संस्थाको छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू

| क्र.स. | द.न | आवेदक संस्था/व्यक्तिको नाम | ठेगाना | कार्ययोजना (२५) | व्यवसायको/सम्भाव्यता/उपयुक्तता (२५) | अनुभव/तालिम (१०) | गाई/भैंसी/बाख्रा/बङ्गुर/कुखुरा/माछा सङ्ख्या (१५) | घाँस दाना पोखरी विकास गरेको परिमाण/क्षेत्रफल (२५) | कुल प्रासाङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

छनौट समिति का पदाधिकारीहरूको:

नाम थर | पद | कार्यालय/ठेगाना | दस्तखत

१.

२.

३.

४.

५.

सचिव

# अनुसूची ५

दफा ५ उपदफा ४ सँग सम्वन्धित

## सम्झौता पत्रको नमुना

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशको प्राविधिक नेतृत्वमा निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तथा पशु सेवा शाखाद्वारा सञ्चालन गरिने पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रमको उद्देश्य अनुरूपको उपलब्धि हासिल गर्न निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा पशु सेवा शाखा (यसपछि पहिलो पक्ष भनिने) र ........................................ व्यवसायिक कृषक/उद्यमी/ समूह/ समिति/सहकारी/कम्पनी र........................................ (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिलमा उल्लेखित सर्तहरूको अधीनमा रही पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

१) पकेट क्षेत्रमा आबद्ध समूहका कृषक सदस्यहरूले अनिवार्यरूपमा समूह/समितिको सदस्य भई लक्षित कार्यक्रम अनुसार हालको पशुपन्छीको सङ्ख्या र उत्पादन क्षमता ५ वर्षमा .... प्रतिशतले वृद्धि गर्न आवश्यक पशुपन्छी, स्रोतकेन्द्र, र तिनको उत्पादन र बजार व्यवस्थापन पुरा गर्न आवश्यक सर्तहरू खुलाउनु पर्नेछ।

२) दुवै पक्षको सहमतिमा स्थानीय वा नजिकका जिल्लाहरूको माग बमोजिम वा प्राविधिक आधारमा सिफारिस भएका पकेट स्थापना गर्नु पर्नेछ ।

३) दोस्रो पक्षले हरेक वर्ष आफ्नो पकेटमा रहेका समस्याहरूको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरू तर्जुमा गरी निर्देशनालय/भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्रमा प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

४) दोस्रो पक्षबाट प्रस्तावित कार्यक्रम जिल्लास्तरीय पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन समितिबाट स्वीकृत भइसकेपछि कार्यक्रमको लागि आवश्यक बजेट मध्ये कम्तीमा ३३ प्रतिशत बराबरको रकम दोस्रो पक्षले पकेट क्षेत्र विकासका लागि खातामा जम्मा गरी कार्य प्रगतिको आधारमा प्रमाणित कागजात पेश पश्चात प्रथम पक्षले सम्झौता अनुसार ७५ प्रतिशत बराबरको रकम अनुदान जम्मा गरिदिने छ ।

५) प्रथम पक्षले दोस्रो पक्षलाई असल व्यवस्थापन विधि बमोजिम कार्यक्रम सञ्चालनको लागि सरोकारवाला निकायसँग समन्वय गरी बढीमा ३ वर्षसम्म सहयोग उपलब्ध गराइ कार्यान्वयन गराउनु पर्नेछ ।

६) दोस्रो पक्षले स्वीकृत वार्षिक कार्ययोजना अनुरूप कार्यान्वयनको लागि मात्र खर्च गर्नु पर्नेछ र सोको अद्यावधिक प्रगति तयार गरी चौमासिक रूपमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

७) दोस्रो पक्षले पशुपन्छी पालन व्यवस्थापनको लागि गरिने सम्पूर्ण कार्यहरूको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्नेछ ।

८) संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन । साथै दोस्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरीत गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाहीको भागीदारी हुनु पर्नेछ ।

९) पहिलो पक्षको कार्यक्रम अवधि समास भए पछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ ।



सचिव

१०) अनुदान प्राप्त रकम तथा साधनका सम्बन्धमा दोस्रो पक्षले स्पष्ट रूपमा अनुदान रकम र अनुदान दिने संस्थाको नाम समेत उल्लेख गरी जानकारीमूलक होडिङ् बोर्ड तथा फ्लेक्स प्रिन्ट राख्नुपर्नेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| नाम | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतत |
| मितिः | मितिः |
| कार्यालयको छाप | छापः |
| रोहबर | रोहबरः |

द्रष्टब्यः निर्देशनालय/ विज्ञ केन्द्रले आवश्यकता अनुसार उल्लेखित सर्तहरूमा थपघट गर्न सक्ने छ ।

## अनुसूची ६

(दफा १२ सँग सम्वन्धित)

### अनुगमनको ढाँचा

१) जिल्ला :–
२) पकेट क्षेत्रको नाम र ठेगाना :–
३) सञ्चालक संस्थाको नाम र ठेगाना :–
४) सेवा सञ्चालन भएको साल र महिना :–
५) उन्नत पकेट क्षेत्र विकासका लागि अनुदान प्राप्त भएको साल र महिना:–
६) अनुदान आम्दानी विवरण :–
७) निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त रकम :– रु.
८) साझेदार संस्थाबाट प्राप्त रकम :– रु.
९) अन्य संस्थाहरूबाट प्राप्त रकम :– रु.
१०) सेवा शुल्कबाट प्राप्त रकम :– रु.
११) बैङ्क खातामा जम्मा गरिएको रकमबाट प्राप्त व्याज रकम :– रु.
१२) अन्य स्रोतबाट प्राप्त भएको रकम :– रु.
१३) कुल जम्मा रकम :– रु.
१४) अनुदानको खर्च विवरण :–
१५) पकेट क्षेत्र पशुपन्छीहरूलाई नश्ल सुधार सेवा प्रदान गरे बापत सिमेन खर्च रु.
१६) पशुहरूलाई ड्रेन्चिङ् तथा भ्याक्सिनेसनको लागि खर्च भएको रकम :– रु.
१७) सेवा उपभोग बापत प्रोत्साहन खर्च रकम :– रु.
१८) हालसम्मको खर्च रकम :– रु.
१९) कोषमा बाँकी मौज्दात रकम :– रु.
२०) अनुदानबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक सङ्ख्या :–
२१) अनुदान रकममा सहयोग गर्ने अन्य संस्थाहरूको नाम र सहयोग रकम :–
२२) ठाउँ अनुसार गोठको बनावट वैज्ञानिक भएको वा नभएको बारे विवेचना :
२३) अन्य सुझाव केही भए:–

**निरीक्षण कर्ताको नाम:–**
पद:
निरीक्षण मिति:–

**सेवा प्रदायक वा सञ्चालकको नाम:–**
हस्ताक्षर:-
मिति:-



सचिव

## अनुसूची– ७

दफा १० उपदफा ४ सँग सम्बन्धित

### पशुपन्छी पकेट क्षेत्र प्रवर्द्धन सहयोग कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

..................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

१. संस्थाको नाम　　　　टेलिफोन सम्पर्क नम्बर

ठेगानाः　जिल्ला　गा.वि.स.　वडा नं.　गाउँ/टोल

२. आ.व.　३. महिना　३) प्रगति प्रतिवेदन अवधि　अर्धवार्षिक/वार्षिक

| क.स. | कार्यक्रम विवरण | एकाइ | वार्षिक लक्ष्य | वार्षिक बजेट | ........ चौमासिक लक्ष्य | ........ चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | ........ चौमासिक प्रगति | ......... चौमासिक खर्च | हालसम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |

वित्तीय प्रगति प्रतिशत ..... %,　भारित प्रगति .......... %　भौतिक प्रगति ..............



सचिव

## अनुसूची ८

दफा ४ उपदफा १३ सँग सम्बन्धित

### गाई/भैंसी/बाखा/बङ्गुर/कुखुरा/माछाको मासिक हर्ड बुक नमूना

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

पकेट क्षेत्रः

पकेट सञ्चालक संस्थाको नामः ठेगानः सालः

| गाई/भैंसी/बाखा/बङ्गुर/कुखुरा/माछाको सङ्ख्या विवरण | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस महिनाको सुरुको पशु सङ्ख्या | | | | | | यस महिनामा जन्मेको सङ्ख्या | | यस महिनामा मरेको सङ्ख्या | | | | | | यंस महिनामा बिक्री सङ्ख्या | | | | | | महिनाको अन्तमा बाँकी सङ्ख्या | | | | | |
| महिनाको नाम | ठूला | | मझौला | | साना | | भाले | पोथी | ठूला | | मझौला | | साना | | ठूला | | मझौला | | साना | | ठूला | | मझौला | | साना | |
| | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | | | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रगति तयार गर्नेको नामः–

हस्ताक्षरः

पदः

संरक्षण केन्द्रको प्रमुखको नामः

हस्ताक्षरः

पद

सचिव